कपुरकोट गाउँपालिका
कपुरकोट गाउँकार्यपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

भाग : ३ संख्याः १० मितिः २०८१/०१/२८

# महिला समूहहरु गठन कार्यविधि, २०८१

गाउँ कार्यपालिकाबाट पारित मितिः २०८१/०१/२६
प्रमाणिकरण मितिः २०८१/०१/२८

**प्रस्तावनाः**

महिलाहरुको अधिकार सुनिश्चित गर्नका लागी नेपालले संयुक्त राष्ट्र संघद्वारा जारी गरिएको अभिसन्धी महिलाहरु प्रतिहुने सबै प्रकारका विभेदहरुको अन्त्य (१९७९) मा हस्ताक्षर गरेर विभिन्न नीति तथा कानुनहरु पनि तर्जुमा गरिसकेको छ । वि.स. २०७५ भदौ देखि कार्यान्वयनमा आएको देवानी संहिता ऐन र नेपालको संविधानको धारा ३८ ले दिएको महिला अधिकार सम्बन्धी व्यवस्था अनुसार समाजका सबै पक्षमा सारभुत समानताका लागि मार्ग प्रसस्त भएको छ । संविधान तथा कानुनले निर्दिष्ट गरे अनुसार महिलाहरुको हकअधिकार सुनिश्चित गर्नका लागि कपुरकोट गाउँकार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले अधिकार प्रयोग गरी "कपुरकोट गाउँपालिका महिला समूहहरु गठन कार्यविधि, २०८१" तर्जुमा गरी लागु गरेको छ ।

## परिच्छेदः-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "कपुरकोट गाउँपालिका **महिला समूहहरु गठन कार्यविधि, २०८१**" रहनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाको बैठकबाट स्विकृत भएको मिति देखि लागु हुने छ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) ''ऐन''भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) ''गाउँपालिका''भन्नाले कपुरकोट गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) ''कार्यपालिका''भन्नाले कपुरकोट गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ)''कार्यालय''भन्नाले गाउँपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ)''महिला''भन्नाले सबै वर्ग क्षेत्र समुदायका महिलाहरुलाई सम्झनु पर्दछ ।

(च)"वडास्तरीय महिला समुह"भन्नाले यस कपुरकोट गाउँपालिकाभित्र रहेका ६ वटै वडाहरुमा सम्बन्धित वडामा स्थायी बसोबास गरेका परिच्छेद ७(क) बमोजिम गठन भएको समुह सम्झनुपर्दछ ।

(छ)"पालिकास्तरीय महिला संजाल" भन्नाले यस कपुरकोट गाउँपालिकाभित्र रहेका ६ वटै वडाहरुमा दफा ७(क) बमोजिम गठन भएका समुहहरुबाट दफा ८ बमोजिम गठन भएको संजाललाई सम्झनुपर्दछ ।

(ज)"समुह"भन्नाले यस कार्यविधि बमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ ।

(झ)"संरक्षक"भन्नाले यस कपुरकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(ञ)"अध्यक्ष"भन्नाले यस कार्यविधि बमोजिम गठन हुने वडा समुह र गाउँसंजालको प्रमुखलाई सम्झनुपर्दछ ।

(ट)"उपाध्यक्ष" भन्नाले यस कार्यविधिबमोजिम गठन हुने वडा समुहको उपप्रमुख र गाउँसंजालको उपप्रमुखलाई सम्झनुपर्दछ ।

(ठ)"सचिव" भन्नाले यस कार्यविधिबमोजिम गठन हुने वडा समुहको सचिव र गाउँपालिका संजालको पदमा तोकिएको व्यक्तिलाई सम्झनुपर्दछ ।

(ड)"संविधान"भन्नाले नेपालको संविधान, २०७२ लाई सम्झनु पर्दछ ।

(ढ)"स्थानीय तह"भन्नाले कपुरकोट गाउँपालिका गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ण)"महिला अधिकार"भन्नाले महिलाहरुले प्राप्त गर्ने जन्मसिद्ध अधिकारहरु सम्झनु पर्दछ, यस अन्तर्गत गर्भ धारण गर्न पाउने अधिकार, सुरक्षित मातृत्व अधिकार, प्रसुति सेवाको अधिकार, तलब सहित सुत्केरी विदाको अधिकार र स्तनपान गराउने अधिकार आदि ।

(त)"महिला हिंसा"भन्नाले महिलाहरु उपर गरिने मानसिक, शारिरीक, राजनैतिक, आर्थिक लगायतको हिंसा सम्झनु पर्दछ ।

(थ)"**लिंग**"भन्नाले निश्चित समाज र संस्कृतिको आधारमा निर्धारण गरिएका महिला र पुरुषविचको भूमिकालाई बुझिन्छ ।

(द)"लैङ्गिकभेदभाव"भन्नाले लिंगका आधारमा महिला र पुरुषविच गरिने विभेद बुझिन्छ ।

# परिच्छेदः-२

## परिकल्पना, लक्ष्य र उदेश्यहरु

३. परिकल्पनाः

सामाजिक,आर्थिक,राजनीतिक न्यायमा आधारित महिला अधिकार सुनिश्चितता सहितको समाज निर्माण गर्नु यस कार्यविधिको परिकल्पना रहेको छ ।

४. लक्ष्यः

महिलाहरुको मुलभूत आधिकारहरुलाई सुनिश्चित गर्दै समुन्नत र न्यायपूर्ण लैंगिक रुपले समावेशी तथा समतामुलक गाउँपालिका निमार्ण गर्नु यस कार्यविधिको लक्ष्य रहेको छ ।

५. उदेश्यः

यस कार्यविधिका निम्नलिखित उदेश्यहरु रहेका छन

(१) स्थानीय विकास एंव सामाजिक, राजनैतिक र आर्थिक जीवनका सबै पक्षहरुमा सबै जातजाति र क्षेत्रका महिलाहरुको समान अधिकार सुनिश्चित गर्दै लैंगिक रुपले समावेशी र समतामुलक समाजको निर्माण गर्ने ।

(२) महिलाविरुद्व हुने सबै प्रकारका हिंसा अन्त्य गर्ने ।

(३) विकास निर्माणका सबै प्रक्रियाहरुमा महिलाहरुको क्रियाशिलता सुनिश्चितता गर्ने,

(४) महिला मानवअधिकार रक्षकहरुको पहिचान र सुरक्षा, प्राकृतिक स्रोत साधनहरुमा महिलाहरुको पहुँच तथा दिगो विकास तथा जीवीकोपार्जन सुनिश्चित गर्ने,

(५) महिलाको स्वास्थ्यअधिकार,आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र दिगो शान्ती स्थापनामा मदत गर्ने,

(६) संविधानको परिधीभित्र रहेका मौलिकहकको सुनिश्चितता गर्ने,

(७) दलित, जनजाति ,गरिब,पछाडि परेका र एकल महिला, अपाङ्गता भएका तथा जेष्ठ नागरिक महिला र गरिबीको चपेटामा परेका महिलाहरुको लागि आर्थिक, सामाजिक कार्यक्रमहरु संचालन गर्ने,

(८) महिला विरुद्व हुने सबै प्रकारका विभेद अन्त्यका लागि वातावरण निर्माण गर्ने र शुन्य सहनशिलता कायम गर्ने,

(९) विभिन्न वर्गका महिलाहरुको कार्यबोझ घटाउनको लागि योजना तयार पार्ने । जस्तैः आधुनिक प्रविधिहरुको प्रयोग तथा विस्तार लगायत अन्य कार्यक्रमहरु ।

(१०)हिंसा पीडित महिलाहरुका लागि अस्थायी तथा स्थायी आवासगृह मर्मत तथा निर्माण गर्ने,

(११) अपाङ्गताहरुका लागि आवश्यक पर्ने सामग्री तथा योजना निर्माण गर्ने,

(१२) स्थानीय निकाय एवं विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट संचालन गर्ने विकासको कार्य समयसीमा कार्य पद्वति,योजना तर्जुमा,कार्यान्वयन,अनुगमन लगायतका महिला सम्बन्धी विभिन्न नीतिगत प्रावधानहरुको बारेमा जानकारी दिने कार्यक्रम संचालन गर्ने ।

# परिच्छेदः–३

## ६. महिला संजालका पदाधिकारीहरु तथा कार्यसमिति चयन गर्ने प्रावधानहरुः

(१) गाउँपालिका⁄वडामा महिला समुह⁄संजालको प्रतिनिधि भएर सामाजिक सेवामा तथा अन्यपालिकाको जुनसुकै स्थानमा लक्षित वर्गहरुलाई निःस्वार्थ भावनाले निरन्तर रुपमा सामाजिक सेवा गरेको,

(२) उपदफा (१) बाहेक यस पालिकामा लामो समयसम्म निरन्तर महिला, बालबालिका, जेष्ठ नागरिक लगायत सामाजिक सेवामा लामो समय अनुभव बटुलेका तथा कार्य संचालन गरेका,

(३) कपुरकोट गाउँपालिकाको स्थायी बासीन्दा भएको,

(४) २१ वर्ष उमेर पुरा भई ५५ वर्ष उमेर ननाघेको ,

# परिच्छेदः–४

## ७. समुह तथा संजालको गठन सम्बन्धि व्यबस्था

(क) वडास्तरिय महिला समुहको गठन ःयस कपुरकोट गाउँपालिकाका कुनै वडा भित्र स्थायी रुपमा बसोबास गरेका महिलाहरुको भेलाबाट समावेशी हुने गरी दलित, जनजाति,पिछडिएको महिलाहरु अनिवार्य समुहमा राखी वडास्तरीय महिला समुह गठन गरिने छ । जसमा अध्यक्ष १ जना,उपाध्यक्ष १ जना,सचिव १ जना,सहसचिव १ जना, कोषाध्यक्ष १ जना र सदस्यहरु ४ जना गरी जम्मा ९ जनाको समुह गठन गर्नुपर्नेछ । समितिको सल्लाहकारमा गाउँपालिकाको सम्बन्धीत वडाका वडाअध्यक्ष तथा महिलासंजालका सदस्यहरु रहनेछन ।

(ख) दफा ७(क)बमोजिम गठन भएको वडा समुहको कार्यकाल ३ वर्षको हुनेछ ।

## ८. पालिकास्तरीय महिला संजालको गठन

१.पालिकास्तरीय महिला सञ्जाल गठन गर्न पूर्व यस कपुरकोट गाउँपालिका भित्रका सम्पूर्ण वडाका महिला संजालहरुको प्रतिनिधि भेलाले एक पालिकास्तरीय महिला सञ्जाल कार्यकारी तदर्थ समिति गठन गर्ने छ । प्रत्येक वडा अध्यक्षहरु संजाल संरक्षक रहनु हुनेछ । वडा/पालिकास्तरीय कार्यकारी समितिमा अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव, सहसचिव, सदस्य(पिछडीएको), सदस्य(जनजाति), सदस्य(दलित) जम्मा ९ सदस्यीय वडा स्तरीयमा टोलको प्रतिनिधित्वलाई ध्यानमा राख्ने र पालिकास्तरमा प्रत्येक वडाको प्रतिनिधित्व रहने विषयलाई ध्यानमा राख्नुपर्ने छ ।

२. वडा/पालिकास्तरीय महिला सञ्जाल कार्यकारी समितिमा पूर्व तत्कालीन अध्यक्ष र उपाध्यक्ष समितिका आमन्त्रित सदस्य (पदेन) व्यवस्था रहने छ ।

३. वडा स्तरीय महिला सञ्जाल गठन क्रममा पालिकास्तरीय महिला सञ्जाल प्रतिनिधिको रोहवरमा रहनुपर्ने छ ।

४.क)केहि विशिष्ट व्यक्तिहरु/प्रत्येक वडास्तरीय महिला सञ्जाल कार्यकारी समितिका पदाधिकारीहरुको उपस्थितिमा महिला,बालबालिका तथा ज्येष्ठ नागरिक इकाई कार्यालयको रोहवरमा एक कार्यक्रमका बिच पालिकास्तरीय महिला संजाल कार्यकारी समिति निर्वाचन/सर्वसम्मत बाट गठन गरिने छ ।

निर्वाचन गर्नको लागी तपशिल बमोजिम तीन सदस्यीय निर्वाचन आयोग गठन गरिने छ ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक कपुरकोट गाउँपालिका इकाई प्रमुख - अध्यक्ष

गाउँपालिकाबाट तोकेको (मनोनित) व्यक्ति -सदस्य

गाउँपालिकाका कानुनी सल्लाहकार - सदस्य

ख) प्रत्येक वडाका कार्यक्रममा सहभागी भएका पदाधिकारीहरु मतदाताहरु रहनु हुनेछ ।

ग) बहुमतलाई प्राथमिकतामा राख्ने निर्णय गरिने छ ।

घ) बराबर मत भएमागोलाप्रथाबाट चयन गरिने छ ।

ङ) अन्य नियम विनियमहरु निर्वाचन आयोगले तय गरे बमोजिम कार्यान्वयन गरिने छ ।

५)कपुरकोट गाउँपालिकाका ६ वटा वडाका वडा समितिले तोकेका ६ जना सदस्यहरु पदेन सदस्य र अन्य २ जना सदस्य कार्यालय नजिकका वडाहरुबाट महिला सशक्तिकरण लगायत अन्य समाज सेवाको क्षेत्रमा काम गरेका व्यक्तिहरु मनोनित सदस्य (जुनसुकै पदमा) रहने गरी एक पालिकास्तरीय महिला संजाल गठन गरिनेछ ।

६)उपदफा ८ (१) बमोजिम गठन हुने पालिकास्तरमा महिलाहरुको भेलागरी भेलाको निर्णयबाट तपशिल बैठक बसी बैठकको निर्णयबाट तपशिलबमोजिमको पदाधिकारी चयन गरीनेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ जना |
| उपाध्यक्ष | १ जना |
| सचिव | १ जना |
| सहसचिव | १ जना |
| कोषाध्यक्ष | १ जना |
| सदस्यहरु | ६जना |
| जम्मा | ११ जना |

समितिको सल्लाहकार गाउँपालिका उपाध्यक्ष र महिला बालबालिका तथा ज्येष्ठ नागरिक इकाइका कर्मचारीलाई राख्न सकिने छ ।

७) दफा ७ र ८ बमोजिम गठन भएको समुह तथा संजालका बैठक चौमासीक रुपमा नियमित बस्ने छ र आवश्यकता परेमा आवश्यकता अनुसार पनि राख्न सकिने छ ।

८) उपदफा (६) बमोजिम गठन भएको पालिकास्तरीय संजालमा लैंगिक हिसाबले महिलाको प्रतिनिधित्व नभएमा महिलाहरुको भेलाबाट सदस्य महिलाहरुलाई मनोनित गर्न सक्नेछ ।

९) कार्यक्रम तथा योजनामा सहभागी गराउदा गरिब विपन्न वर्गका तथा व्यवसायमा निरन्तरता दिने प्रकृतिका चेतनाको अभाव भएका तथा आयआर्जनको स्रोत न्युन भएकामहिलाहरुलाई पहिलो प्राथमिकता दिई समितिले छनोट गर्नुपर्ने छ ।
१०) उपदफा ८ (६) बमोजिम गठन भएको पालिकास्तरीय संजालको कार्यकाल ३ वर्षको हुनेछ ।

## ९. समुह तथा संजालका काम ,कर्तव्य र अधिकारः

### (१) वडा समुहको काम,कर्तव्य र अधिकारः

क) दफा ७ बमोजिम गठन भएको वडा समुहले महिलाहरुको सचेतना अभिवृद्धि गराई सक्षम नागरिक तयार गर्ने, क्षमताविकास र सीप मुलक तालिम संचालन गर्ने योजना बनाई पालिकास्तरिय संजालमार्फत गाउँपालिका कार्यालयमा पेस गर्ने ।
ख)वडास्तरमा रहेका महिलाहरुको उमेर पहिचान गरी उमेरगतरुपमा क्षमताविकास तथा सीप विकास तालिममा सहभागी गराउने ।
ग) पालिका तथा वडास्तरमा विनियोजित कार्यक्रमहरुमा छुट्याईएको बजेट शिर्षक मार्फत सबै प्रकारका महिलाहरुलाई समावेसी तरिकाले सहभागी गराई क्षमता विकास र आयआर्जन गर्ने सिपमुलक तालिम गोष्ठी प्रशिक्षण संचालनमा गाउँपालिका कार्यालयसँग समन्वय गरी संचालन गर्ने ।
घ)अन्य संघ संस्थाहरुबाट महिलाहरुलाई कुनै क्षमता विकास तथा आयआर्जनका कार्यक्रम गर्न सहयोग प्राप्त भएमा सहभागी गराउने र कार्यक्रममा सहभागीहरु सहित अन्य व्यहोरा सुरक्षित साथ राखी पालिकामा पेश गर्ने ।
ङ) वडास्तरमा गठन भएका एकल महिला समुह र महिला समुहहरु सँग सहकार्य गर्ने र प्रत्येक आ.व.मा लैंगिक हिंसाका घटनाको तथ्याङ्क संकलन गर्ने ।
च) कार्यक्रम तथा योजनामा सहभागी गराउदा गरिब विपन्नवर्गका बेरोजगारहरुलाई तथा व्यवसायमा निरन्तरता दिने प्रकृतिका चेतनाको अभाव भएका तथा आयआर्जनको स्रोत न्युन भएका महिलाहरुलाई पहिलो प्राथमिकतामा राखी संजालले छनोट गर्नुपर्ने छ ।

### (२)गाउँपालिकास्तरीय संजालको काम,कर्तव्य र अधिकारः

यस परिच्छेदको दफा ८ बमोजिम गठिन गाउँपालिकास्तरीय संजालको काम,कर्तव्य र अधिकारः
क) दफा ८ बमोजिम गठन भएको गाउँ संजाले महिलाहरुको सचेतनाअभिवृद्धि गराई सक्षम नागरिक तयार गर्ने ।
ख)पालिका स्तरमा रहेका एकल महिलाहरु तथा अन्य महिलाहरुको उमेर पहिचान गरी उमेरगत रुपमा क्षमता विकास तथा सिप विकास तालिममा सहभागी गराउने ।
ग) पालिका तथा वडास्तरमा विनियोजित कार्यक्रमहरुमा छुट्याईएको बजेट शिर्षक मार्फत सबै महिलाहरुलाई सहभागी गराउन उत्प्रेरित गर्दै क्षमताविकास र आयआर्जन गर्ने,सीपमुलक तालिम, गोष्ठी, प्रशिक्षण संचालनमा गाउँपालिका कार्यालय सँग समन्वय गरी संचालन गर्ने र आउने आ.व.का योजना कार्यक्रमहरु जेष्ठ महिनाको मसान्त भित्र पालिकामा पेश गर्ने ।
घ)अन्य संघ संस्थाहरुबाट सम्बन्धित लक्षित वर्गहरुलाई कुनै क्षमता विकास तथा आयआर्जनका कार्यक्रम गर्न सहयोग प्राप्त भएमा सहभागी गराउने र कार्यक्रम सहभागीहरु सहित अन्य व्यहोरा सुरक्षित साथ राख्ने र कार्यक्रम हुनु भन्दा पहिला पालिका सँग समन्वय गरी कार्यक्रमका सहभागीहरु छनोट गर्ने र कार्यक्रमहरु बैज्ञानिक तरिकाले संचालन गर्ने र अन्य आवश्यक विवरण पालिकामा अनिवार्य पेश गर्ने पेश गर्ने ।

ङ)कार्यक्रम तथा योजनामा सहभागी गराउदा गरिब विपन्न वर्गका तथा व्यवसायमा निरन्तरता दिने प्रकृतिका चेतनाको अभाव भएका तथा आयआर्जनको स्रोत न्युन भएका महिलाहरुलाई पहिलो प्राथमिकता दिई संजालले छनोट गर्नुपर्ने छ।

च) वडास्तरमा गठन भएका एकल महिला समिति र महिला समितिहरु सँग सहकार्य गर्ने र प्रत्येक आ.व. मा लैंगिक हिंसाका घटनाको तथ्याङ्क संकलन गर्ने।

छ) संजालले वडास्तरीय महिला संजालको पालिकाभरका महिलाहरुको अवस्था अध्ययन तथा अवलोकन गर्ने र प्रत्येक वर्ष महिलाहरुको तथ्याङक संकलन अनिवार्य गर्नुपर्नेछ।

ज) बार्षिक कार्यतालिका तयार गरी महिला,बालबालिका तथा ज्येष्ठ नागरिक इकाई मार्फत गाउँपालिका कार्यालयमा दर्ता गरी कार्यान्वयनमा ल्याउने।

झ) पछाडि परेका जुनसुकै वर्गका महिलाहरुलाई सशक्त बनाउन प्रोत्साहन गर्ने लगायत आवश्यक अन्य काम कर्तव्य अधिकार प्रति जिम्मेवार हुने आदि।

### ३) गाउँपालिकास्तरिय संजालको अध्यक्षको काम,कर्तव्य र अधिकारः

क) पालिकास्तरिय संजालको बैठकको अध्यक्षता गर्ने,

ख) पालिकास्तरिय संजालको तर्फबाट गर्ने सम्पुर्ण कामको प्रतिनिधित्व गर्ने,

ग) पालिकास्तरिय र वडा समितिलाई नेतृत्व गर्ने,

घ) अन्य आवश्यक कामहरु गर्ने।

### ४) गाउँपालिकास्तरिय संजालको उपाध्यक्षको काम,कर्तव्य र अधिकारः

क)अध्यक्षलाइ सहयोग गर्ने,

ख)अध्यक्षको अनुपस्थीतिमा गाउँपालिकास्तरिय संजालको बैठकको अध्यक्षता गर्ने,

ग)अक्ष्यक्षले तोकेको अन्य कामहरु गर्ने।

### ५)गाउँपालिकास्तरिय संजालको सचिवको काम,कर्तव्य र अधिकारः

क) अध्यक्षको सहमतिमा संजालको बैठक बोलाउने,

ख) बैठकको उपस्थिति उठाई बैठक संचालन गर्ने,

ग) अध्यक्षले तोकेको अन्य कामहरु गर्ने।

घ) कुनै कारणबस कार्यक्रमहरुमा उपस्थीत हुन नसकेमा आफ्नो कामको जिम्मेवारी सह–सचिवलाई जानकारी गराई हस्तान्तरण गर्नुपर्ने छ।

### ६) पालिका संजालको कोषाध्यक्षको काम कर्तव्य र अधिकारः

क) अध्यक्ष सँग सल्लाह गरी गाउँपालिकास्तरिय संजालको आयव्ययको हिसाब दुरुस्त राखी लेखापरिक्षण गर्ने गराउने।

ख) गाउँपालिकास्तरियसंजालको कोष सम्बन्धि अन्य काम गर्ने।

७) गाउँपालिकास्तरियसंजालका अन्य पदका व्यक्तिहरु तथा सम्पुर्ण सदस्यहरुले अध्यक्षलाई सहयोग गरि पालिका संजाललाई सफल पार्ने।

८) वडास्तरीय महिला समुहको काम,कर्तव्य र अधिकार पनि गाउँपालिकास्तरिय महिला संजालको काम ,कर्तव्य र अधिकार बमोजिम नै रहनेछ ।

९)वडास्तरिय संजालका अन्य पदका व्यक्तिहरु तथा सम्पुर्ण सदस्यहरुले संयोजकलाई सहयोग गरि वडा संजाललाई सफल पार्न सहयोग गर्नुपर्दछ।

## परिच्छेदः-४

## १०.कपुरकोट गाउँपालिकाद्बारा संचालन गरिने कार्यक्रमहरुः

**(क) पूर्वाधार विकासः**

(१) विपन्नवर्गका महिलाहरुको कार्यबोझ घटाउने खालका आयोजना तथा कार्यक्रम,

(२) हिंसा पीडित महिलाहरुको लागि अस्थाई आवास गृह निर्माण र मर्मत सुधार,

(३) अपाङ्गता भएका महिलाहरुको लागि सहयोग पुग्ने सामाग्री सहयोग तथा आयोजनाहरु,
(४) स्थानीय तहमा सामाजिक पूँजी अभिवृद्धि गर्ने तथा तालिम संचालन गर्न महिला सामुदायिक भवन तथा महिला सहकारी भवन निर्माण गर्न समपूरक कोष आदि कार्यक्रम,

(ख) **सामाजिक/क्षमता विकासः**

(१) प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम, पाठेघर सम्बन्धी समस्या रोकथाम तथा जनचेतना जगाउने कार्यक्रम, एच.आई.भि. एड्स सम्बन्धी जनचेतना जगाउने कार्यक्रम,
(२) महिलाहरुको लागि लोकसेवा तयारी कक्षा संचालन, वैदेशिक रोजगारीका लागि आवश्यक पर्ने जानकारी मूलक शिक्षा र सिपविकास,
(३) स्थानीय तह एंव विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट संचालन गर्ने कार्यको समय सिमा,कार्यपद्वति (योजना तर्जुमा कार्यान्वयन अनुगमन, महिला सम्बन्धी विभिन्न नीतिगत प्रावधानहरु बारेमा जानकारी दिने कार्यक्रम,
(४) महिला नेतृत्वविकास, सशक्तिकरण सम्बन्धी कार्यक्रम र अधिकारमा आधारित विकासमा अवधारणा सम्बन्धी कार्यक्रम,
(५) महिला साक्षरता सम्बन्धी कार्यक्रम, किशोरीहरुको लागि जीवन उपयोगी सीप ,
(६) लैंगिकतामा आधारित हिंसा र विभेदयुक्त प्रचलन, महिला विरुद्वहुने सबै प्रकारका हिंसा उन्मुलन सम्बन्धी कार्यक्रम, महिला मानवअधिकार सम्बन्धी, नीति, कानूनी आदिबारे चेतना अभिवृद्धि कार्यक्रम,
(७) महिला संजाल, सामुदायिक संस्था र सहकारी संस्थाहरुको महिलाहरुको नेतृत्व विकासमा पहुँच, वृद्धि गर्ने ज्ञान र सिपको विकास, सूचना र संचारमा महिलाहरुको सहभागिता र पहुँच वृद्धि गर्ने कार्यक्रम, विपन्न वर्गका महिलाहरुको लागि क्षमता विकास कार्यक्रम आदि,
(८) महिला सहकारीहरुको क्षमताविकासको लागि सहयोग (प्रस्तावना लेखन सम्बन्धी तालिम, नेतृत्वविकास आदि) ।
(९) महिलाको क्षेत्रमा काम गर्ने सामुदायिक स्वयम सेविकाहरुलाई क्षमताअभिवृद्धि, प्रोत्साहन पुरस्कार,
(१०) गरिब महिला सामुदायिक संस्थाहरुलाई अनुदान सम्बन्धी अनुशिक्षण तालिम

**(ग) आर्थिक विकास :**

घरेलु तथा लघु उद्यम उद्योगहरुको संचालन तथा व्यवस्थापन, परम्परागत सिपलाई परिमार्जन गर्दै बजारमैत्री रुपमा आधुनिकिकरण गर्ने, गरिब महिलाहरुको आय वृद्धि गर्न प्रत्यक्ष सघाउँ पुग्ने खालका तालिम तथा सीपहरु र गरिब महिला सामुदायिक संस्थाहरुलाई साना तिना आयआर्जन गर्न कोषको सहयोग ।

**(घ) संस्थागत विकासः**

(१) स्वास्थ्य चौकी एंव उपस्वास्थ्य चौकीहरुको संस्थागत सुधारका कार्यक्रम,
(२) लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति, महिला संजाल, लैंगिक हिंसा निगरानी समुह, कानुनी उपचार तथा सहायता समिति, महिला सहकारी संस्था, सामुदायिक संस्था/महिला समुहहरुका संस्थागत सुधारका कार्यक्रम,
(३) गरिब महिलाहरुको सामुदायिक संस्था गठन तथा विस्तारमा सहयोग ,
(४) वडास्तरीय महिला समुह र गाउँपालिकास्तरीय महिला संजाल गठन ।

# परिच्छेदः-५

## ११. कपुरकोट गाउँपालिकाले अवलम्बन गर्ने नीतिहरुः

- पालिकाले निर्माण तथा संशोधन गर्ने सबै ऐन, कानुन र नीतिहरुलाई महिला, बालबालिका,यौनिक तथा लैङ्गिकअल्पसंख्यक, अपाङ्गता, जेष्ठ नागरिक, दलित, सिमान्तकृत, आदिवासी जनजाति सहित समग्र लक्षित वर्ग मैत्री बनाइनेछ ।

- मानव संसाधन विकास गरी महिला तथा विपन्न लक्षित बर्गहरुको क्षमता विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न “उपाध्यक्षसंग आमादिदिवहिनी” कार्यक्रमलाई निरन्तरता दिईनेछ भने वडा तहमा समेत वडा वडाध्यक्षसंग आमादिदीवहिनी कार्यक्रम संचालन गर्न सकिने छ ।
- गाउँपालिकालाई “बालबिबाह ,बालश्रम तथा छुवाछुत लगायतका अन्धविश्वास मुक्त गाउँपालिका” घोषणा गर्न अभियानकासाथ कार्यक्रम सञ्चालन गर्ने नीतिको अवलम्बन गरिनेछ ।
- हरेक वर्ष लैससास परिक्षण गरी त्यसले यस पालिकामा औल्याएका कमजोरीहरुलाई अर्को बर्षको कार्यक्रममा पहुँच अभिबृद्धि गर्दै  लगिनेछ ।
- लक्षितवर्ग तथा समुदायका व्यक्तिहरुको हकहित संरक्षण तथाअधिकार सुनिश्चिताका लागि बिशेष कल्याणकारी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको सामाजिक, आर्थिक विकासका लागी महिलाहरुको सिप र क्षमतामा विकास गरि वडा र पालिका स्तरमामहिला सञ्जालको गठन गरिनेछ । .साथै महिला समुह, आमा समुहलाई आधिकारिक रुपमा पालिकामा दर्ता गरी प्रमाणपत्र वितरण गरिनेछ ।
- महिला पुरुषको सम-विकासका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।
- समाजमा विद्यमान विकृति, विसङ्गती र लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रण गर्न महिला सहकारी संस्था, आमा समूह र महिला समूह, समितिहरुको क्षमता वृद्धि गर्न अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- पहिचान गरिएका अपाङ्गताभएका व्यक्तिहरुलाई निजहरुको आवश्यकता अनुसारका अपाङ्गता सहायक सामग्रीहरु निःशुल्क रुपमा वितरण गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- अपाङ्गता भएका नागरिकहरुको मर्यादित र आत्मनिर्भर जीवनयापनका लागि अपाङ्गमैत्री वातावरण सिर्जना गरिने छ ।
- वालविबाह, बहुविवाह, धुम्रपान, मध्यपानलागुपदार्थ दुर्व्यसनी, घरेलु तथामहिला हिंसा लगायतका सबे खालका हिंसा विरुद्ध कपुरकोट जागरण अभियान संचालन गरिनेछ ।
- स्थानीय तहको कार्यक्रम तर्जुमा गर्दा लैंगिकविश्लेष्ण र लैंगिक उत्तरदायीबजेट प्रणालीलाई अनिवार्य गर्दै अनुगमन तथा मूल्याकनको सयन्त्र निर्माण गरिनेछ।
- लैंगिक समानता, मुलप्रवाहिकरण र महिला सशक्तिकरणका पक्षमा सचेतनामूलक अभियान संचालन गर्दा समुदाय गैरसरकारी संस्थाहरुको समन्वय तथा सहकार्यमा गरिनेछ ।
- स्रोत र साधनमा महिलाहरुको पहँच स्वामित्व र नियन्त्रण बढाउने कार्यक्रमलाई प्राथमिकता दिईने छ,
- महिलाहरुको पक्षमा तर्जुमा गरिएका ऐन, नियम तथा कानूनहरुलाई समुदायका महिलाहरु समक्ष गराउनको लागि आवश्यक क्रियाकलापहरु (गोष्ठी, बैठक,एफ.एम. प्रशारण) संचालन गरिनेछ ।
- महिला हिंसा निवारण र पुर्नःस्थापना गर्ने र सेफ हाउस संचालन,महिलाहरुलाई व्यवसाय संचालन तथा आयमुलक कार्यक्रममा संलग्न गराई स्वरोजगारी सृजना गर्न वीउपूजीको व्यवसाय गरिनेछ ।

- महिला हिंसाका कारण पहिचान महिलाहरुको सवालमा कार्यरत संघ संस्थाहरुको पहिचानतथा संजालनिर्माण संस्थागतविकास र सुदृढीकरण, क्षमताको अभिवृदि, समन्वय र सहकार्य गरिनेछ ।
- कपुरकोट गाउँपालिकाभित्र रहेका सरोकारवाला निकायहरुको समन्वय तथा सहकार्यमा महिला सम्बन्धी घटनाहरुको अभिलेखीकरण, अनुसन्धान, प्रकाशन तथा सहयोगी संयन्त्रको विकास (सुरक्षावास, मनोविमर्श, कानुनी सहयोग, स्वास्थ्य सेवा) यस  अभियानका कार्यनीतिहरु लागु गरिनेछ ।
- महिला अधिकार सुनिश्चितता तथा महिला हिंसाको न्युनीकरण गर्न आवश्यक तथ्यगत पैरवीका लागि महिला अधिकारकर्मी तथा मानव अधिकारकर्मी संघ संस्थाहरु सँग समन्वय गरेर समुदाय स्तरदेखि, गाउँपालिका तह सम्म अभियान काकार्यक्रम सञ्चालन गरिनेछ ।
- विभिन्न विषयगत कार्यालयहरुसँग समन्वय सहकार्य गर्दै महिलाहरुको सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक विकासका कार्यक्रम संचालन,महिला अधिकारको सुनिश्चितता गर्न विभिन्न खाले चेतनामुलक कार्यक्रमहरु एफ.एम.प्रशारण, सडक नाटक, क्षमताअभिवृद्धि,तालिम, गोष्ठी कार्यक्रम संञ्चालन,नेपालको संविधानको मौलिकहक कार्यान्वियनका लागि संविधानको धारा ३८(३) बमोजिम सबै प्रकारका महिला हिंसालाई कानुनी दायरामा ल्याउने र पीडितलाई क्षतिपूर्ति दिने र धारा ३८(५) बमोजिम  महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अधिकार सुनिश्चित गरिनेछ।
- महिला उपर हुने घरेलु हिंसा, दुव्यवहार, लैंगिक हिंसा, बोक्सीको आरोप, बलत्कार,दाईजो तथा बालविवाह अन्त्यका लागि सामाजिक सचेतना कार्यक्रम गाउँव्यापी रुपमा संचालन गरिनेछ।
- सार्वजनिक स्थलमाहुने लैंगिक हिंसा न्यूनिकरणको लागि सूचक निर्माण गरि कार्यान्वयन माल्याईने छ । लैंगिक हिंसा अन्त्यमा पुरुष तथा युवा सहभागिता परिचालन गर्ने गरी पुरुष संजालीकरणको विस्तार गरिनेछ।
- स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधिहरुको क्षमताविकासको लागि प्रक्षिक्षण कार्यक्रम संचालन गरिनेछ।
- महिलाहरुका पक्षमा बनेका ऐन कानुनहरु बारे जानकारी गराउने,आर्थिक रुपमाविपन्न तथा सामाजिक रुपमा पिछडिएका असहाय एकल महिलालाई एकलमहिला कोषको परिचालन मार्फत जिविकोपार्जनका लागि व्यवस्था गरिनेछ।
- महिलाहरुको आर्थिक अवस्था सुधारका लागि बिउँविजन पुँजी मार्फत उत्पादनमुलक व्यवसाय कार्यक्रमहरुमा महिलाहरुलाई सहयोग गर्ने,६ वटै वडाहरुमा महिलाहरुको समूह निर्माण गरेर अधिकार मुखी अवधारणा बारे छलफल गरी जनचेतनामुलक कार्यक्रम संचालन गर्ने,समाजमा विद्यामान कुरीति कुसस्कार विरुद्व जनचेतनामुलक अभियान संचालन गर्नुका साथै श्रीमानश्रीमति, सासु बुहारी, जेठानी देउरानी छलफल गर्ने कार्यक्रम गरिनेछ ।
- महिला हिंसा विरुद्वको पैरवीलाई वृहत र प्रभावकारी रुपमा अगाडि बढाउन हरेक विद्यालयहरुमा चेतनामूलक गोष्टी अभियान संचालन गर्ने,र हुन सक्ने हिंसाको एक प्रमुख कारणलाई मध्यनजर गरेर सरोकारवाला निकायहरु विच चौमासिक रुपमा गाउँपालिका स्तरमा अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिनेछ ।
- घरदैलो कार्यक्रम तथा शिविर मार्फत विभिन्न प्रकारका अभिमुखिकरण कार्यक्रमहरु महिला हिंसा, सुरक्षित मातृत्व, सुत्केरी अवस्थामा लगाईने खोप प्रजनन स्वास्थ्य ,सरसरफाई लगायत विषयहरुमा सहयोग पुऱ्याउने र यस्ता अन्य

कार्यक्रम संचालन गर्न यस कपुरकोट गाउँपालिकामा पुँजीगत रकमबाट निर्धारित बजेटको ०.७ प्रतिशतको दरले नघट्ने गरी बजेटको सुनिश्चित गरिने छ ।

# परिच्छेदः ६

## १२.कपुरकोट गाउँपालिकाद्वारा संचालन हुने कार्यक्रमहरुको कार्यान्वयनः

(१) **कार्यालयले आफैले गर्नेः** घरदैलो कार्यक्रम तथा शिविर मार्फत विभिन्न प्रकारका अभिमुकरण कार्यक्रमहरु ।

(२) **गैरसरकारी संस्थाहरुद्वारा संचालन गर्नेः** महिला, हिंसा, सुरक्षितमातृत्व, सुत्केरी अवस्थामा लगाईने खोप, प्रजनन स्वास्थ्य सरसफाई लगायतका विषयमा अभिमुकरण महिला माथि हुने घरेलु हिंसा, दुर्व्यवहार, लैंगक हिंसा, बोक्सीको आरोप, बलत्कार, दाईजो तथा बालविवाह अन्त्यका लागि सामाजिक सचेतना कार्यक्रम ।

(३) **महिला संजालद्वारा संचालन गर्ने** : महिला हिंसा, सुरक्षितमातृत्व, सुत्केरी अवस्थामा लगाईने खोप, प्रजनन स्वास्थ्यल गायतका विषयहरुमा अभिमुखिकरण महिलामाथि हुने घरेलु हिंसा हुने दुर्व्यवहार, लैंगिक हिंसा जस्ता अन्य कार्यक्रमका लागि सामाजिक सचेतना कार्यक्रम ।

# परिच्छेदः७

**१३.कार्यक्रम कार्यान्वयन कार्यसमितिमा रहने पदाधिकारीहरुः**

गाउँपालिकामारहेका कार्यसमितिहरु देहायबमोजिम रहनेछन् ।

तपशिलः

१ उपाध्यक्ष - संयोजक

२.प्रमुख प्रशासकिय अधिकृत -सदस्य

३. गाउँपालिकाको कार्यापालिकाका सबै महिला सदस्यहरु -सदस्य

४. महिला संजालको प्रतिनिधि १ जना -सदस्य

५.महिला बालबालिका तथा जेष्ठ नागरिक इकाई प्रमुख -सदस्य-सचिव

# परिच्छेदः ८

**१४.अनुगमन तथा मूल्याकन सम्बन्धि ब्यबस्था :**

रणनीति अनुसार संचालन गरिने क्रियाकलापहरुको प्रभावकारीताका लागि सरोकारवाला निकायहरु सँगको समन्वय, सहकार्य, अनुगमन र मूल्याकन गर्न तपशिल बमोजिमका पदाधिकारी रहने गरि एक अनुगमन समिति गठन गरिने छ ।

तपशिलः

१. गाउँपालिका अध्यक्ष -संयोजक

२. प्रमुख प्रशासकिय अधिकृत -सदस्य

३.गाउँपालिका प्रमुखले तोकेको १ जना कार्यपालिकाको सदस्य-सदस्य

४. महिला संजालको प्रतिनिधि १ जना-सदस्य

५. सामाजिक विकास समितिको संयोजक -सदस्य

६.महिला बालबालिका तथा जेष्ठ नागरिक इकाई प्रमुख-सदस्य सचिव

# परिच्छेदः विविध

१५. **अन्य प्रचलित कानुन बमोजिम प्रमाणिकरण हुने विषयमा असर नपर्नेः** कुनै निर्णय वा आदेश प्रमाणिकरण सम्बन्धमा प्रचलित नेपाल कानुनमा छुट्टै व्यवस्था भएकोमा त्यस्ता विषयमा यस नियममा लेखिएको कुनै कुराले असर पार्ने छैन

१६. **कार्यविधि बनाउन सक्ने**ः यस नियमको उदेश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक कार्यविधि बनाउन सक्ने छ ।

१७.**बचाऊ**ः यस अघि स्थानीय निकायबाट प्रचलित कानुन बमोजिम भए गरेका निर्णय वा आदेश वातत्सम्बन्धी अधिकारपत्रका प्रमाणिकरण यसै निकाय बमोजिम भए गरेको मानिने छ ।

१८.**संशोधन**ः यो कार्य विधिमा कुनै महत्वपुर्ण विषयहरु संशोधन गर्नु आबश्यक भएमा गाँउकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

...........................

आज्ञाले

भरत कुमार वली

प्रमुख प्रशासकिय अधिकृत